# अटो रिक्सा, ई-रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०७९

## देवचुली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर नवलपरासी, (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

प्रमाणिकरण मिति २०७९।९।०४

Scanned with CamScanner

८

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

# देवचुली नगरपालिका

## अटो रिक्सा, ई-रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०७९

नेपालको संविधान वमोजिम स्थानीय तहको अधिकार सम्वन्धी व्यवस्था कार्यान्वयन गरी लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, सार्वजनिक यातायातमा सहजतता प्रदान गर्न र अटो सवारी साधन संचालनलाई व्यवस्थित, मर्यादित वनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ को (क) ले दिएको अधिकार प्रयोग गरी देवचुली नगरपालिकाले अटो रिक्सा, ई-रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०७९, जारी गरेको छ ।

हरिप्रसाद ग्यौपाने
नगर प्रमुख

**(१) देवचुली नगरपालिका कार्यालयमा दर्ता नगरी नगर क्षेत्र भित्र अटो रिक्सा चलाउन नपाइने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम देवचुली नगरपालिका कार्यालयमा दर्ता नगरी कोही कसैले पनि नगर क्षेत्रभित्र अटो रिक्सा, ई-रिक्सा संचालन गर्न पाइने छैन । सम्बन्धित सवारी धनीले रुट परमिटका सम्पूर्ण शर्तहरु पुर्णरुपमा पालना गर्नुपर्नेछ । अन्यथा यस कार्यालयबाट अनुगमनमा खटिएका जनप्रतिनिधि, कर्मचारी, नगर प्रहरीले जरिवाना गर्नेछन् । तोकिएको पार्किङ स्थल भन्दा अन्यत्र पार्किङ गरेको पाइएमा

- पहिलो पटक रु. ५० जरिवाना
- दोस्रो पटक रु. २०० जरिवाना
- र तेश्रो पटकमा दर्ता खारेज समेत गर्न सकिनेछ ।

**(२) नगरपालिकामा दर्ता/पार्किङ सम्वन्धी व्यवस्था :**

**१) दर्ता प्रकिया:**

सार्वजनिक रुपमा यस क्षेत्रमा अटोरिक्सा, ई-रिक्सा संचालन गर्न चाहने व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा फारम भरी दर्ताको लागि यस नगरपालिका कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी समक्ष दरखास्त दिनु पर्नेछ । बढ्दो सवारी चापका कारण हुने सडक दुर्घटनालाइ न्यूनीकरण गर्नका लागि अटो रिक्सा संचालन इजाजत दिंदा सडकको अवस्था, यात्रुको चापलाई ख्याल गरिनेछ ।

**२) अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन समिति गठन :**

अटो रिक्साको समग्र व्यवस्थापन दर्ता, संख्या निर्धारण, नविकरण, रुट निर्धारण, पार्किङस्थल निर्धारण, भाडादर निर्धारण र अनियमित गर्नेलाई जरिवाना समेत गरी समग्र व्यवस्थापन गर्नका लागि नगर उपप्रमुखको संयोजकत्वमा सरोकारवाला सहित ७ जनाको तपसिल बमोजिमको एक समिति कार्यपालिका बैठकले गठन गर्नेछ ।

| | |
|---|---|
| (क)नगर उपप्रमुख | - संयोजक |
| (ख) कार्यपालिका सदस्यहरुमध्ये महिला अनिवार्य रहनेगरी जम्मा दुई जना | - सदस्य |
| (ग) नगरस्तरीय अटो रिक्सा सञ्चालक सम्वद्ध समितिवाट जम्मा दुई जना | - सदस्य |
| (घ) उपभोक्ता अधिकारकर्मीमध्ये नगर कार्यपालिकाले तोकेको एक जना | - सदस्य |
| (ङ) नगरपालिकाको आर्थिक विकास शाखा प्रमुख | - सदस्य सचिव |

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

३) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु रित पुगे नपुगेको, आवश्यक कागजात भए/ नभएको अध्ययन गरी नियमानुसार लाग्ने अनुसूची - २ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची - ३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गरिने छ ।

**(३) अटो रिक्सा रुट परमिट सम्बन्धमा :**

१) नगरपालिकामा दर्ता भएका अटोहरुको रुट देवचुली नगरपालिका भित्रको समथर तथा तराई क्षेत्रमा मात्र हुनेछ।

२) उपदफा (१) बमोजिम निर्धारण भएको रुटमा दफा (२) को उपदफा (२) बमोजमि गठन भएको समितिको सिफारिसको आधारमा कार्यपालिकाले आवश्यक परिमार्जन गर्न सक्नेछ ।

**(४) रिक्सा चालक वा व्यवसायीहरुले समिति गठन गर्न सक्ने :**

यस नगरपालिकामा सञ्चालन हुने रिक्सा व्यवसायी वा चालकहरु व्यवसायिक एकताका लागी सम्वन्धित निकायमा दर्ता भई संगठित हुन सक्नेछन् । तर, नगरमा चल्ने रिक्साको संख्या, रुट, भाडादर लगायत सम्वन्धित विषयको निर्णय नगरपालिकाले गठन गरेको समितिले मात्र गर्नेछ ।

**(५) दर्ता प्रमाण पत्रको अवधि :**

दफा (२) बमोजिम प्रदान गरिएको सवारी साधन दर्ता प्रमाण पत्र खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

**(६) दर्ता प्रमाण पत्रको नवीकरण :**

दर्ता प्रमाण पत्रमा लेखिएको म्याद नाघेको ३ महिना भित्र दर्ताको प्रमाणपत्र नवीकरण गराईसक्नु पर्नेछ । यदि ३ महिना म्याद नाघी नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको १ वर्षसम्म १०० प्रतिशत, २ वर्षसम्म २०० प्रतिशत, ३ वर्षसम्म ३०० प्रतिशत, ४ वर्ष सम्म ४०० प्रतिशत र ५ वर्षसम्म ५०० प्रतिशत दस्तुर समेत लिई त्यस्तो दर्ता प्रमाण पत्रको नवीकरण गर्नु पर्नेछ ।

**(७) नवीकरण सम्बन्धी विशेष व्यवस्था :**

माथि जुनसुकै कुरा लेखिएको भएता पनि सवारी धनीले ५ वर्ष सम्मको लागि एकै पटक नवीकरण गराउन चाहेमा ५ वर्ष सम्मको लागि लाग्ने नवीकरण दस्तुर एकमुष्ट लिइ दर्ताको प्रमाण पत्र ५ वर्ष सम्मको लागि एकै पटक नवीकरण गर्न सकिनेछ ।

**(८) दर्ता प्रमाण पत्रको प्रतिलिपि दिने व्यवस्था :**

कुनै रिक्साधनीले प्रमाणपत्र हराए वा नासिएको कारणबाट प्रमाणपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची - २ बमोजिमको दस्तुर लिई प्रमाण पत्रको प्रतिलिपि दिनु पर्नेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

**(९) प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति सबै यसै वमोजिम हुने र अन्यको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ । कार्यविधिलाई कार्यपालिका वैठकले आवश्यक संसोधन गर्न सक्नेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

अनुसूची - १

दफा २ को उपदफा (१) सँग सम्वन्धित

**(अटो रिक्सा/ई-रिक्सा दर्ता)**

| दरखास्तवालाको फोटो |
|---|

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
देवचुली नगरपालिका
प्रगतिनगर, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

**विषय : अटो रिक्सा, ई-रिक्सा दर्ता सम्बन्धमा ।**

मेरो/हाम्रो नाममा खरिद भएको निम्न विवरण भएको सवारी (ई रिक्सा/अटो रिक्सा) रुट इजाजत प्राप्तिका लागि आवश्यक प्रमाणपत्रहरु यसै साथ राखि पेश गरेको छु । दर्ता गरी रुट इजाजत दिनुहुन सादर अनुरोध गर्दछु ।

**सवारी धनीको :**

- नाम थर :
- ठेगाना :
- मोबाईल नम्वर :
- पिता वा पति/पत्नीको नाम थर:
- सवारी दर्ता नं :
- सवारीको किसिम :
- सवारी बनाउने कम्पनीको नाम :
- सवारी बनेको साल :
- सवारीको मोडेल :
- सवारी हर्षपावर :
- सवारीको इन्जिन नं :
- सवारीको चेसिज नं :
- सवारीको रंग :
- सवारी चालक सहित क्षमता :
- सवारीको प्रयोग : [ ] निजी [ ] भाडा
- सवारीको इन्धन : [ ] पेट्रोल [ ] डिजल [ ] ब्याट्री

***यस दरखास्त फाराममा उल्लिखत सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला ।***

**कम्पनी/संस्थाको छाप**

| छाप |
|---|

**दरखास्तवालाको**

दस्तखत :
नाम, थर :
मिति : २०..../....../......

हरिप्रसाद क्योपाने
नगर प्रमुख



Scanned with CamScanner

अनुसूची - २

दफा २ को उपदफा (३) संग सम्बन्धित

**(अटो रिक्सा/ई–रिक्सा दर्ता/नामसारी/नवीकरण/प्रतिलिपि दस्तुर)**

| क.सं. | सवारी दर्ता दस्तुर (रु. मा) | नामसारी दस्तुर (रु. मा) | नवीकरण दस्तुर (रु. मा) | प्रतिलिपि दस्तुर (रु. मा) |
|---|---|---|---|---|
| १ | १५००।०० | १०००।०० | १०००।०० | ५००।०० |

(नोट : तत्काल कायम गरिएको यो शुल्क दर नगरसभाले परिमार्जन गर्न सक्नेछ ।)

हरिप्रसाद क्योपाने
नगर प्रमुख



Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

अनुसूची - ३
दफा २ को उपदफा (३) संग सम्वन्धित

# देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

नगरपालिका दर्ता नम्बरः

## सवारी साधन दर्ता प्रमाण-पत्र

**सवारी धनीको नाम, थर :**

- ठेगाना :
- पिता वा पति /पत्नीको नाम थर:
- सवारी दर्ता नं :
- सवारीको किसिम :
- सवारी वनाउने कम्पनीको नाम :
- सवारी वनेको साल :
- सवारीको मोडेल :
- सवारी हर्षपावर :
- सवारीको ईञ्जिन नं :
- सवारीको चेसिज नं :
- सवारीको रंग :
- सवारी चालक सहित क्षमता :
- सवारीको प्रयोग : [ ] निजी [ ] भाडा
- सवारीको इन्धन : [ ] पेट्रोल [ ] डिजल [ ] ब्याट्री

**नविकरणको विवरण**

| आर्थिक वर्ष | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर, भौचर नम्वर र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**प्रमाणिकरण मिति :** २०७९/०८/२९

हरिप्रसाद ग्यौपाने
नगर प्रमुख

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**
**देवचुली नगरपालिका**



Scanned with CamScanner